# ख्रीष्ट येशू पापीहरूलाई मुक्ति दिनालाई संसारमा आउनुभयो...

**यो विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य वचन होः ख्रीष्ट येशू पापीहरूलाई मुक्ति दिनालाई संसारमा आउनुभयो, जसमध्ये मुख्य म नै हुँ!** (१ तिमोथी १:१५)

## एउटा विश्वासयोग्य वचन

यो माथिको भनाई कुनै सांसारिक गद्य-काव्य अथवा अधर्मी मानिसहरुका दार्शनिक लेखहरुबाट निकालिएको होइन तर पवित्र बाइबलबाट उद्धधृत गरिएको, ***"सत्यताको वचन"***[१] हो र त्यसोहुनाले यसमाथि परमेश्वरको अधिकार रहेकोहुन्छ! ***"झूट बोल्नै नसक्नुहुने परमेश्वर"***[२] उहाँको विषेश पुस्तकमा यस्तो भनाईलाई समाविष्ट गराउनुभएर, उहाँले तपाईको अनन्त आत्माको निम्ति फिक्री गर्नुभएको कुरालाई प्रमाण दिनुभई हाम्रो सम्पूर्ण हृदयको ध्यान आकर्षित गर्नुभएकोछ! यो सम्पूर्णरुपले भरोसायोग्य छ, मानिसहरुको अन्य धेरै प्रकाशनहरु भन्दा भिन्न छ, मानिसका ती लेखहरु धोकापूर्ण अथवा एकतर्फीका हुन्छन्! विषेशगरी वैज्ञानिक सिद्धान्तका ती लेखहरु जसले मानिसको शुरुवात र अन्त्य अनि जीवन र मृत्युको सम्बन्धमा जीवित परमेश्वरको बारेमा अलिकति पनि विचार गर्दैनन्, जो विश्वासयोग्य सृष्टिकर्ता र हाम्रो भौतिक जीवनलाई सम्हाल्नुहुने परमेश्वर हुनुहुन्छ!

## हरप्रकारले ग्रहणयोग्य छ

यो त्यस सत्यतासँग सम्बन्धित छ जो निसंकोच हामी सबैलाई सम्मिलित गराएकोछ चाहे तिनीहरुको सामाजिक, शैक्षिक, अथवा राष्ट्रियताको अवस्था जेसुकै होस् कसैलाई छुट छैन! यसले सम्पूर्ण मानवजातिलाई उसको भाषा, लिङ्ग अथवा उमेर नभनी निरपेक्ष रुपमा सम्मिलित गरेको छ! यो हाम्रो शरीरहरूलाई परिपोषक गर्ने विषयमा होइन तर हाम्रो आत्माहरु बचाउने बिषयमा हो! त्यसकारण भौतिक उन्नत्ती भन्दा ज्यादै बढी मूल्य यसको हुन्छ, जुन भौतिक कुराहरुकोपछि आज धेरै समाजमा मानिसहरु लोभ-लालचकासाथ लागेकाछन्: ***"किनकि मानिसले सारा संसार प्राप्त गरेतापनि आफ्नो आत्माचाहिँ गुमायो भने त्यसलाई के फाइदा हुनेछ"!***[३] यसमा लुकेको खण्डहरु केहीपनि छैन र यदि तयारी हृदयले स्वीकार गरेर अनि विश्वास गर्यौं भने मृत्युमा लैजाने

अधार्मिकताको फराकिलो बाटोबाट पापको क्षमा, पवित्रता, र अनन्त जीवनको साँगुरो बाटोमा जो प्रभु येशू ख्रीष्टमा मात्र पाइन्छ फर्काइनेछौं!

## ख्रीष्ट येशू संसारमा आउनुभयो

यसको केन्द्रबिन्दुचाहिँ अनन्तका परमेश्वरका पुत्र येशू ख्रीष्टको व्यक्तित्व र काममाथि छ जो ***"उहाँ संसारमा आउनुभन्दा"*** पहिल्यै अन्नन्तताबाट र परमेश्वर पितासँग एकसमान हुनुहुन्छ! जब सत्यतामा ***"परमेश्वर शरीरमा प्रकट हुनुभयो",***[४] उहाँको कुनै शुरुवात थिएन, हामी रहने ठाउँमा एउटा कन्याको कोखबाट उहाँको प्रवेश बेथलएमले देख्यो ताकि उहाँचाहिँ परमेश्वर र मानिसबीचको मध्यस्थ बन्नलाई! ***"किनभने परमेश्वर एउटै हुनुहुन्छ; अनि परमेश्वर र मानिसहरुका बीचमा एउटै मध्यस्थ अर्थात ख्रीष्ट येशू, ती मानिस"!***[५]

उहाँको पापरहित जीवनले हामीलाई बचाउन सक्दैन तर दोषी मात्र ठहराउँछ! उहाँ कुनै एउटा ऐन संग्रहको नीति प्रचार गर्नु आउनुभएन अथवा केहि झूटा दाबी गर्नेहरुले भनेझैं न ता गर्व गर्नको निम्ति हामीले पछ्याउनुपर्ने कुनै उदाहरण नै छोड्नुभयो! किनभने कसैले त्यो गर्न सक्दैन! उहाँलाई विश्वासघात गरिएको रातमा उहाँले आफ्नै वचनमा भन्न सक्नुभयो; ***"बाटो, सत्य र जीवन म नै हुँ: मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन"!***[६] उहाँको कलवरीको क्रूसको मृत्युचाहिँ कमजोरीको प्रमाण होइन तर पिता र मानिसप्रतिको समर्पण र प्रेम थियो, उहाँको मृत्यु र शारीरिक रुपमा उहाँको बौरिउठाईद्वारा परमेश्वरले धार्मिकताकासाथ हामीलाई हाम्रो पापहरुको क्षमा उहाँमा गरिदिनको निम्ति थियो!

## पापीहरुलाई मुक्ति दिन

ख्रीष्टले रगत बगाउनुभएको कारणले गर्दा सबैको निम्ति मुक्ति पाउने सम्भावित प्रावधान प्रदान भयो! परमेश्वरको प्रेमले तपाईलाई ग्रहण गर्छ, ***"किनकि सबैले पाप गरेकाछन् र परमेश्वरको महिमारहित हुनगएका छन्!"***[७] तपाइले मुक्ति पाउनुपर्छ, तर के तपाइले त्यो पापलाई स्वीकार गर्नुहुन्छ जो तपाईको हृदयमा प्रवेश गरेकोछ र तपाईको शरीरमा प्रकट गरेको छ? ***"किनभने हृदयवाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झूटा साक्षी, निन्दाहरु निस्कन्छन्"!***[८] के तपाई त्यसबाट पश्चाताप गर्नुहुन्छ र त्यो पापलाई छोड्नुहुन्छ? ***"तर तिमीहरुले पश्चाताप गरेनौ भने तिमीहरु सबै त्यही प्रकारले नाश हुनेछौ"!***[९] के तपाई आफ्नो सम्पूर्ण हृदयले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहुन्छ, अरु केहीमा नभई उहाँको बलिदानी मृत्यु र

पुनरुत्थानमाथि मात्र भरोसा गर्नुहुन्छ? ती तपाईका घिनलाग्दा पापहरुबाट छुट्कारा पाउन एकदमै आवश्यक छ; आफ्नो प्रभुको रुपमा उहाँमाथि समर्पित हुनुहोस्? ***"प्रभु येशू ख्रीष्टमाथि विस्वास गर्नुहोस्, र तपाईले मुक्ति पाउनुहुनेछ"!***[१०]

## जसमध्ये मुख्य म नै हुँ

जसले यी वचनहरु लेखेको थियो, हामीले हेरिसक्यौं की, उसले मुक्ति पाउनुभन्दा पहिले ख्रीष्टको घोर विरोध गरेको कारण, उसले आफैलाई '**पापीहरुको मुख्य**' ठानेको थियो! उसले यो महसुस गर्यो कि, उसले कृपा पायो! ***"तरै पनि मैले यस हेतुले कृपा पाएँ कि येशू ख्रीष्टले पहिले ममा सारा सहनशीलता तिनीहरूका निम्ति एउटा नमुनाको रूपमा देखाऊन्, जसले अनन्त जीवन पाउनलाई पछिबाट उहाँमाथि विश्वास गर्नेछन्"!***[११] यदि परमेश्वरले टार्ससको शाउललाई बचाउन चाहनुहुन्थ्यो भने, जोचाहिँ उसको अज्ञानतामा ***"निन्दा गर्ने, सताउने र अत्याचारी" थिए***"![१२] हामी निश्चितछौ की, हामीले जस्तोसुकै पाप गरेको भएतापनि उहाँ हाम्रो पापहरू क्षमा गर्नु इच्छुक हुनुहुन्छ! जव शाउलले आफ्नो पापलाई त्यागिदिए र ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनी स्वीकार गरे, शाउलको जीवन परिवर्तन भयो! त्यस्तै तपाईको पनि हुनेछ, यदि उसले गरे जस्तै तपाईले पनि गर्नुभयो भने!

---

यिनीहरु जीवन र  मृत्युका गम्भीर विषयहरु हुन्, हामीले बेवास्था गर्ने आँट गर्नुहुन्न, हामी सबैजना व्यक्तिगत रुपले परमेश्वर हाम्रो सृष्टिकर्ताकहाँ त्यस भयानक न्यायको दिनमा हामीले उहाँलाई गरेको व्यवहार र उहाँको पुत्रप्रति जवाफदेही हुनुपर्छ! ***"यसैकारण हामीमध्ये हरेकले परमेश्वरलाई आ-आफ्नो लेखा दिनेछ"!***[१३]

**"दोस्रो मृत्युको"** अनन्तता "**आगोको झील**"[१४] भित्र हुनेछ, यो तिनीहरु सबैप्रति सत्य हुनेछ, जसले यो महान मुक्तिको प्रबन्धलाई इन्कार गरेकाछन्, जसको निम्ति परमेश्वर पितालाई र उहाँको प्रिय पुत्रलाई यती ठूलो मूल्य चुकाउनुपर्यो! परमेश्वरको पुत्रको त्यस महान सेवाको अन्तिम वचनहरु बिचार गरौं: ***"अनि कसैले मेरा वचनहरू सुन्छ र विश्वास गर्दैन भने म उसको न्याय गर्दिनँ; किनभने म संसारको न्याय गर्नलाई होइन, तर संसारलाई बचाउन आएँ। जसले मलाई रद्द गर्छ र मेरा वचनहरू ग्रहण गर्दैन, त्यसलाई न्याय गर्ने एउटा छ: मैले बोलेको वचनले नै अन्तिम दिनमा त्यसको न्याय गर्नेछ"!***[१५]

**पवित्र बाइबल सन्दर्भ:** [१] २तिमोथी २:१५, [२] तीतस १:२, [३] मर्कूस ८:३६, [४] १तिमोथी ३:१६, [५] १तिमोथी २:५, [६] यूहन्ना १४:६, [७] रोमी ३:२२-२३, [८] मत्ती १५:१९, [९] लूका १३:३, [१०] प्रेरित १६:३१, [११] १तिमोथी १:१६, [१२] १तिमोथी १:१३, [१३] रोमी १४:१२, [१४] प्रकाश २०:१०-१५, [१५] यूहन्ना १२:४७-४८